न्याय परिषद
न्याय परिषद २०४७

पत्र संख्या :
चलानी नं. :

कार्यालय
फोन : ०१-४२००७७५
: ०१-४२००७७६
: ०१-४२००७७७
फ्याक्स ०१-४२००७७९

## न्याय परिषदको स्पष्टोक्ति

१. न्याय परिषद नियमावली, २०७४ को नियम ११ मा संशोधन गरी उच्च अदालतका न्यायाधीशको वरिष्ठताक्रम निर्धारण गर्ने सम्बन्धमा गरिएको व्यवस्था सम्बन्धमा विभिन्न माध्यमहरुबाट सम्प्रेषित समाचार, टिप्पणी र व्यक्त गरिएको धारणाहरुप्रति न्याय परिषदको ध्यानाकर्षण भएको छ। यसरी नियमावलीमा संशोधन गरिएको विषयप्रति जनमानसमा केही अप्रष्टता, संशय र भ्रम पर्ने किसिमका दृष्टिकोणहरु पनि सार्वजनिक बहसका क्रममा देखा परेको पाइएकोले उक्त बिषय सम्बन्धमा स्पष्ट पार्नु न्याय परिषदले आवश्यक ठानेको हुँदा तलका प्रकरणहरुमा बिषय र सन्दर्भ स्पष्ट पारिएको छ।

२. न्यायिक जनशक्ति व्यवस्थापनको कुरालाई न्यायोचित, तार्किक र व्यवहारिक तुल्याई संस्थागत सुधार प्रकृया अगाडि बढाउन वाञ्छनीय भएकाले नेपाल न्याय सेवाको विशिष्ट श्रेणीका मुख्य रजिष्ट्रारको पदमा कार्यरत रही उच्च अदालतको न्यायाधीश पदमा नियुक्त भएका व्यक्तिको हकमा मुख्य न्यायाधीश पछिको वरिष्ठ न्यायाधीशको रुपमा वरिष्ठता कायम गर्ने र नेपाल न्याय सेवाको राजपत्रांङ्कित विशिष्ट श्रेणीको पदमा कार्यरत रही उच्च अदालतको न्यायाधीश पदमा नियुक्त भएका व्यक्तिको हकमा निज विशिष्ट श्रेणीको पदमा नियुक्त भएको मितिभन्दा पछि उच्च अदालतको न्यायाधीश पदमा नियुक्त भएका व्यक्तिभन्दा अगाडिको वरिष्ठताक्रम कायम गर्ने गरी न्याय परिषदबाट हालै न्याय परिषद नियमावली, २०७४ को नियम ११ मा संशोधन गरिएको कुरा सवैमा विदित नै छ।

३. नेपालको संविधानको धारा १४० मा अन्य कुराका अतिरिक्त न्याय सेवाको कम्तीमा राजपत्रांकित प्रथम श्रेणीको पदमा कम्तीमा पाँच बर्ष काम गरेको नेपाली नागरिक उच्च अदालतको मुख्य न्यायाधीश तथा न्यायाधीशको पदमा नियुक्तिका लागि योग्य मानिने व्यवस्था रहेको छ। यही प्रावधान बमोजिम न्याय सेवाका वरिष्ठ अधिकृतहरुलाई समेत उच्च अदालतको न्यायाधीशको पदमा नियुक्त गर्ने गरिएको छ। यसरी नियुक्ति गर्दा संस्थागत व्यवस्थापनका दृष्टिले आवश्यकतानुसार राजपत्रांकित प्रथम श्रेणी तथा विशिष्ट श्रेणीका अधिकृतहरुलाई समेत उच्च अदालतको न्यायाधीश पदमा नियुक्त गर्ने गरिएको छ। नियुक्ति गरिदा पहिले कनिष्ट व्यक्ति (रा.प. प्रथम श्रेणीको व्यक्ति) नियुक्त भएको अवस्थामा पछि निजभन्दा वरिष्ठ व्यक्ति (रा.प. विशिष्ट श्रेणीको व्यक्ति) न्यायाधीश पदमा नियुक्ति भएपनि

न्याय परिषद
कार्यालय
फोन : ०१-४२००७७५
: ०१-४२००७७६
: ०१-४२००७७७
फ्याक्स : ०१-४२००७७९
पत्र संख्या :
चलानी नं. :

निजले आफूभन्दा कनिष्ट र केही अवस्थामा आफ्नै सहायकको रुपमा काम गरेका व्यक्तिभन्दा कनिष्ट न्यायाधीशको हैसियतमा रहनु पर्ने अवस्था पैदा भएको थियो। यसबाट निज न्यायाधीशको आत्म-सम्मानमा प्रतिकूल प्रभाव पर्ने गरेको देखिएको हुँदा निजहरुको सेवामा रहेको जेष्ठता वा वरिष्ठता अनुकूल हुने गरी न्यायोचित रुपमा व्यवस्थापन गर्नु आवश्यक भएकाले न्याय परिषद नियमावली, २०७४ को नियम ११ मा संशोधन गरिएको हो।

४. सार्वजनिक प्रशासनको सु-संचालनका लागि उत्प्रेरणा र बृत्ति-विकाशको कुरा महत्वपूर्ण बिषयको रुपमा रहेको हुन्छ। न्याय सेवाका अधिकृतहरुका लागि सम्मानजनक बृत्ति-विकाश र उत्प्रेरणाको अवसर सुनिश्चित नगर्ने हो भने न्याय प्रशासन कार्यमा योग्य र दक्ष जनशक्तिको व्यवस्थापनमा जटिलता पैदा हुन पुग्ने र अदालत तथा मुद्दा व्यवस्थापन कार्य प्रभावित हुने अवस्था देखियो। कानूनी रुपमा उचित व्यवस्थापन गरी न्यायोचित र मर्यादित तबरबाट वरिष्ठता निर्धारण नगरिदा न्यायिक व्यवस्थापनका लागि अपेक्षाकृत योग्य र सक्षम व्यक्तिहरुलाई प्रशासनिक पदाधिकारीको रुपमा कायम राख्न कठिनाई पैदा भएको महशुस गरियो। अर्थात, सक्षम र दक्ष जनशक्तिलाई टिकाई राख्ने नीति (Retention Policy) अपनाउन आवश्यक देखियो। त्यसैले अदालतका काम कारवाही प्रभावकारी रुपमा संचालन गर्न अपेक्षाकृत सक्षम र दक्ष कर्मचारीको व्यवस्थापन गर्ने अभिप्राय राखेर उक्त नियमावलीमा संशोधन गरिएको हो।

५. न्यायाधीशको वरिष्ठता निर्धारण गर्ने कुरा नेपालको संविधानको धारा १४१ को उपधारा (३) बमोजिम **"सेवाको शर्त"** सम्बन्धी विषय होइन। सेवाका शर्त सम्बन्धी अवधारणा र न्यायाधीशको वरिष्ठताक्रम निर्धारण दुई भिन्न बिषय हुन्। न्यायाधीशको सेवाका शर्त सम्बन्धी व्यवस्था छुट्टै ऐन (उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७४) द्वारा व्यवस्थित गरिएका छन्। यसरी ऐनद्वारा गरिएको सेवाका शर्त सम्बन्धी कुनै पनि व्यवस्थालाई नियमावलीको संशोधनले कुनै रुपमा पनि प्रभाव पारेको छैन। तार्किक र न्यायोचित रुपमा निर्धारण गरिएको वरिष्ठताक्रमको कारणवाट न्यायाधीशको सेवाका शर्तहरु प्रभावित हुँदैनन्। यो नियमित र स्वभाविक न्यायिक व्यवस्थापनको आन्तरिक विषय हो।

६. विगतका न्यायिक व्यवस्थापन सम्बन्धी केही परिदृष्य पनि स्मरणीय छन्। न्याय परिषदबाट गरिएको केवल प्रशासनिक निर्णयबाट २०५३/०५४ सालमा जिल्ला तहका न्यायाधीशको

वरिष्ठताक्रममा व्यापक फेरबदल गरिएको पाइन्छ। पछिल्लो समयको दृष्टान्त हेर्ने हो भने पनि सर्वोच्च अदालतका पहिलो मुख्य रजिष्ट्रारको नियुक्ति उच्च अदालतको मुख्य न्यायाधीश पदमा भएको थियो भने दोस्रो मुख्य रजिष्ट्रारको नियुक्ति उच्च अदालतको कनिष्ट न्यायाधीशको रुपमा भएको थियो। तेश्रो मुख्य रजिष्ट्रारको नियुक्ति मुख्य न्यायाधीश पदमा, र चौथो मुख्य रजिष्ट्रारको नियुक्ति कनिष्ट न्यायाधीशको रुपमा गरिएको तथ्य सबैका समक्ष छर्लङ्ग नै छ। चारजना मुख्य रजिष्ट्रारहरु मध्ये दुईजनाको हकमा एउटा मापदण्ड र दुईजनाको हकमा अर्को मापदण्ड किन अपनाईयो भन्ने कुरा वर्तमान सन्दर्भमा न्याय परिषद स्वयमका लागि पनि जिज्ञासाको विषय बनेको छ। यस प्रकारको विषयलाई नियमद्वारा व्यवस्थित र निर्देशित नगरिएको अवस्थामा न्यायिक नियुक्तिमा स्वेच्छाचारिता र बेथीति पैदा हुँदैजाने अवस्था महशुस भएकाले थीति र पद्धती बसाल्न न्यायिक जनशक्ति व्यवस्थापनको कुरामा सुधार गर्ने अभिप्रायले नियमावलीमा संशोधन गर्नु आवश्यक भएको हो। उही तह र हैसियतको व्यक्ति मुख्य न्यायाधीश नियुक्ति हुँदा स्वीकार्य हुने, तर मुख्य न्यायाधीश पछिको वरिष्ठताक्रममा रहने गरी नियमद्वारा व्यवस्थापन गरिदा आपत्तिको बिषय हुने कुराको कुनै तार्किक कारण र आधार देखिदैन।

७. न्याय सेवाका अधिकृतहरुले पनि न्यायिक काम कारवाहीमा योगदान गरेका हुन्छन्। अदालतका अधिकृतहरु, सरकारी वकील, तथा कानून व्यवसायीहरु न्यायिक काम कारवाहीका सन्दर्भमा न्यायाधीशका सहयात्री हुन्। निजहरु सबैको न्यायिक काम कारवाहीमा महत्वपूर्ण भूमिका र योगदान रहन्छ। यसरी निजहरुले गरेको योगदान, हासिल गरेको अनुभव, तथा सेवाप्रतिको समर्पणको अवमूल्यन हुने गरी निजहरुलाई कुनै आगन्तुक जस्तो ठानेर वरिष्ठताक्रम कायम गर्नु विवेकसंगत हुने देखिएन। त्यसैले पनि वरिष्ठताक्रमको बिषयमा रहेका कमी-कमजोरीमा सुधार गर्नु आवश्यक ठानिएको हो। कोही कसैलाई लाभ वा कसैलाई हानी पुऱ्याउने उद्देश्यले नियमावलीमा संशोधन गरिएको होइन।

८. नेपाल सरकारले निर्धारण गरेको राज्यका बिभिन्न पदाधिकारीहरुको मर्यादाक्रमका दृष्टिले हेर्दा पनि सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार र रजिष्ट्रार समेतको मर्यादाक्रम उच्च अदालतका न्यायाधीशहरुको भन्दा अगाडि (माथि) नै रहेको देखिन्छ। मर्यादाक्रममा समेत अगाडि (माथि) रहेका पदाधिकारीलाई निजको उक्त हैसियतको उचित संवोधन हुनेगरी न्यायाधीशको पदमा नियुक्त भएपछिको वरिष्ठताक्रम प्रदान गर्नु न्यायोचित र तर्कसंगत छ।



CamScanner

न्याय परिषद
न्याय परिषद २०४७

कार्यालय
फोन : ०१-४२००७७५
: ०१-४२००७७६
: ०१-४२००७७७
फ्याक्स : ०१-४२००७७९

पत्र संख्या :
चलानी नं.

९. न्याय परिषद नियमावली, २०७४ को नियम ११ मा गरिएको संशोधनको विषयमा नै कानूनी प्रश्न उठाएर सर्वोच्च अदालतमा रिट निवेदन समेत परेको *(रोशन नेपाल र आराध्य देवकोटा विरुद्ध न्याय परिषद, ०८०-WO-०२६५ को रिट निवेदन)* थियो। सो निवेदनका सन्दर्भमा सर्वोच्च अदालत (इजलास) बाट मिति २०८०/०६/२१ मा सुनुवाई गरी उक्त संशोधनलाई कानून प्रतिकूल वा बेमुनासिव मान्न नमिल्ने भन्ने आधारमा रिट निवेदन खारेज भएको छ। यसरी उल्लिखित संशोधनको बिषयमा न्यायिक परीक्षण भई सो सम्बन्धी संवैधानिक तथा कानूनी प्रश्नको न्यायिक प्रकृयाबाट निरुपण भैसकेको देखिन्छ। साधिकार अदालतबाट मुद्दाको रोहमा निरुपण भैसकेको बिषय भएबाट अव यस विषयमा अन्यथा आग्रहपूर्ण धारणा निर्माण गर्नु नेपालको संविधानको धारा १२८ को उपधारा (४) मा रहेको प्रावधानका दृष्टिले पनि शोभनीय देखिदैन।

१०. वर्तमान अवस्थामा न्याय परिषद आफ्नो संवैधानिक तथा कानूनी कर्तव्य निर्वाह गर्ने सन्दर्भमा कायम रहेका कमी-कमजोरीहरु हटाई सुधार प्रकृया अगाडि बढाउन प्रयत्नशील र प्रतिबद्ध रहेको छ। सुधार प्रकृयाको एउटा उदाहरणको रुपमा नियमावलीमा संशोधन गरी न्यायाधीशको वरिष्ठताक्रम निर्धारण गरिएको कुरालाई पनि लिन सकिन्छ। न्यायिक व्यवस्थापनका विविध पक्षमा सुधार गरी प्रभावकारी न्याय व्यवस्था कायम गर्ने कुरामा अहिले हरसम्भव क्रियाशील रहेको न्याय परिषदको काम कारवाहीमा सम्बन्धित सवैबाट सकारात्मक र सिर्जनशील सहयोगको अपेक्षा राखिएको छ। नियमावलीमा गरिएको संशोधनप्रति कुनै प्रकारको संशययुक्त धारणा राख्न आवश्यक नभएको तर्फ सम्बन्धित सवै सरोकारवालाहरु समक्ष न्याय परिषद स्पष्ट पार्न चाहन्छ।

सहयोगका लागि धन्यवाद !!

मितिः २०८०/१०/ ८

आज्ञाले:

(भद्रकाली पोखरेल)
नि. सचिव, न्याय परिषद

नि. सचिव



CamScanner